# प्रत्येक फर्मले तोकिएको वस्तुमात्र आयातनिर्यात गर्न पाउने

## वैध व्यापार प्रोत्साहन गर्न छुट्टै परिचय नम्बर

■ गुञ्जबहादुर खड्का

माघ १०, काठमाडौं। सरकारले प्रत्येक फर्मलाई तोकिएको वस्तु मात्र आयातनिर्यात गर्न दिने भएको छ। व्यापारलाई व्यवस्थित र पारदर्शी बनाउन तोकिएको वस्तुमात्र आयातनिर्यात गर्न पाउने गरी परिचय नम्बर (आईडी) दिन लागेको भन्सार विभागका महानिर्देशक डा. मुक्तिनारायण पौडेलले अभियानलाई बताए । 'यस योजनालाई चाँडै कार्यान्वयनमा ल्याउँछौं,' उनले भने,' यो योजना कार्यान्वयनमा आएपछि कम भन्सार मुल्याङ्कन, भन्सारमा ट्राफिकजामलगायत समस्या समाधान हुने विश्वास छ।' अहिले एउटै फर्मले विभिन्न किसिमका वस्तु आयातनिर्यात गरिरहेकाले त्यसलाई नियन्त्रण गरी व्यवस्थित गराउन नयाँ व्यवस्था लागु गर्न लागिएको उनको भनाइ छ।

सरकारले वैध व्यापारलाई प्रोत्साहन गरी राजस्व चुहावटलाई रोक्न आयातनिर्यातका लागि फर्मलाई छुट्टै परिचय नम्बर वितरण गर्न लागेको हो।

यस्तो योजनाले वस्तुको गुणस्तर परीक्षण र सरकारी राजस्व बढाउन सहयोग पुऱ्याउने व्यापारविज्ञ रत्नाकर अधिकारी बताउँछन् । 'यस किसिमको व्यवस्था भारतमा समेत प्रभावकारी भएको देखिन्छ,' उनले भने, 'नेपालले पनि कार्यान्वयन पक्षलाई बलियो बनाउन सके मा दीर्घकालसम्म सकारात्मक परिणाम दिनसक्छ ।' यसअघि व्यापार प्रवर्द्धन र राजस्व सङ्कलन प्रभावकारी बनाउन राम्राराम्रा नीति आए पनि कार्यान्वयन पक्ष कमजोर बन्दा अपेक्षित परिणाम आउन नसकेको उनको भनाइ छ।

बाँकी पृष्ठ ४ मा ▶

## प्रत्येक फर्मले ...

आयात-निर्यातमा छुट्टै परिचय नम्बरले वैध व्यापारलाई सहयोग नै पुऱ्याउने नेपाल उद्योग वाणिज्य महासङ्घ कर तथा राजस्व समितिका सभापति जगदीशप्रसाद राठीले बताए।

नेपालमा अहिले करीब ३५ हजारको सङ्ख्यामा आयातकर्ता रहेका तातोपानी भन्सार कार्यालयका भन्सारअधिकृत निर्मलहरि अधिकारी बताउँछन् । 'यति धेरै आयातकर्ताहरू भएकाले गैरव्यावसायिक व्यापारले प्रश्रय पायो,' उनले भने, 'एउटै कण्टेनरमा १ सय ४० प्रकारसम्मका वस्तु आउँदा जाँच गर्नसमेत असजिलो हुन्छ ।' व्यापारलाई पारदर्शी र खुद्राबाट थोकमा रूपान्तरण गर्न पनि तोकिएको वस्तुमात्र आयात-निर्यात गर्न पाउने गरी परिचय नम्बर वितरण गर्न लागिएको उनको भनाइ छ । तर, नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकमा एउटा कण्टेनरमा एउटामात्र सामान आयात गर्न सक्ने अवस्था नरहेको नेपाल चेम्बर अफ कमर्शका महासचिव कमलेश अग्रवालले बताए। 'सिद्धान्तमा खुला अर्थतन्त्रको वकालत गर्नेले व्यवहारमा लागु गरेर देखाउनुपर्छ,' उनले भने,' खुला अर्थतन्त्रमा आयात-निर्यात व्यापारलाई अनावश्यक हस्तक्षेपले कसैको राम्रो गर्दैन ।'

खासगरी तातोपानी नाकाबाट हुने व्यापार व्यवस्थित हुन नसक्दा सरकारी निकायबाट अनावश्यक हस्तक्षेप बढ्ने गरेको उनको भनाइ छ । तातोपानी नाकाबाट अहिले पनि परम्परागत रूपबाटै नेपाल-चीनबीच व्यापार हुने गर्दछ । सो नाकाबाट हुने आयात निर्यात व्यापारमा तत्कालका लागि एक कण्टेनरमा ३ देखि ५ प्रकारसम्मका वस्तु आयात गर्न दिनुपर्ने राठीको भनाइ छ ।